# आर्थिक वर्ष २०७५/७६ को बजेट बक्तव्य

बान्नीगढी जयगढ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जयगढ, अछाम
७ नं प्रदेश, नेपाल

**बान्नीगढी जयगढ गाउँपालिकाका उपाध्यक्ष श्री लोक बहादुर साउँदज्यू द्वारा प्रस्तूत आर्थिक वर्ष २०७५/०७६ को वजेट बक्तव्य**

यस बान्नीगढी जयगढ गाउँपालिकाको सम्मानीत गरिमामय दोस्रो गाउँसभाका सभाध्यक्षज्यू, यस सभामा उपस्थित ६ वटै वडाहरूका वडाध्यक्षज्यूहरू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू, गाउँसभा सचिवज्यू, यस गाउँपालिकामा कार्यरत कर्मचारीहरू तथा पत्रकारहरूमा सर्वप्रथम म न्यानो अभिवादन व्यक्त गर्दछु ।

आज हामी यस सम्मानीत गाउँसभामा बान्नीगढी जयगढ गाउँपालिकाको भोलिको भाग्य र भविष्यको मार्गचित्र कोर्नका लागि यहाँ उपस्थित भएका छौं। नेपालको संविधान अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना मध्येको एक स्थानीय तहको रुपमा रहेको यस बान्नीगढी जयगढ गाउँपालिकाको सम्मानित गाउँसभा समक्ष दोस्रो बजेट प्रस्तुत गर्न पाउँदा मैले धेरै गौरवको अनुभूति गरेको छुँ ।

यस अवसरमा लोकतान्त्रिक इतिहासका विभिन्न कालखण्डहरु मातृभूमीको  रक्षा र लोकतन्त्र स्थापनाका लागि बलादानीपूर्ण संघर्ष गर्ने महान शहीदहरुलाइ सम्झन चाहन्छु ।

अवको प्राथमिकता संविधानले परिकल्पना गरेको सामाजिक न्याय र समाजवादको लक्ष्यमा पुग्न आर्थिक समृद्धिमा केन्दित हुनु

पर्ने भएकाले हाम्रो लडाई सामाजिक न्याय सहितको समृद्धि आर्जनका लागि अविकास, गरिवी र पछौटेपन विरुद्ध केन्द्रित हुनु पर्ने जरुरी ठानेको छु ।

अव हामीलाई कुनै पनि बहानामा आर्थिक–सामाजिक विकास, सार्वजनिक सेवा प्रवाह, अनियमितता नियन्त्रण, सुशासन प्रवर्दनमा विलम्ब गर्ने सुविधा छैन । **त्यसैले "समृद्धिको आधारः बान्नीगढी सरकार"** भन्ने मूल मान्यतालाई आत्मसाथ गरेर यो बजेट तर्जुमा गरेको छु ।

**सम्मानित गाउँसभाका सभाध्यक्ष महोदय,**

हामी संघीयताको अभ्यासको प्रारम्भिककालमा रहेकाले यसमा अनेकन चुनौतीहरूका रहेका छन् । यस क्षेत्रमा रहेको भौतिक पूर्वाधारहरुको कमजोर अवस्था, राजश्वको न्यून संकलन तथा खर्चको अनुत्पादक दोहन हाम्रा प्रमुख चुनौतिहरु हुन् । आत्मनिर्भरयुक्त रोजगारी प्रणालीमा अभ्यस्त हुन नसक्नू, कमजोर पुँजी तथा प्रविधिको न्युन उपलब्धता, स्थानीय स्रोत साधनको कुशल परिचालन हुन नसक्नु र अनुत्पादक जीवनशैली यहाँको गरिवी तथा पछौटेपनका यहाँका प्रमूख चुनौतिहरू हुन् ।

संघीयताको यस अभ्यासले हामीलाई धेरै अवसरहरू पनि दिएको छ । चुनौति र समस्याहरू पहिचान गरी समाधानको उपाय खोज्ने जिम्मेवारी अब हाम्रै काँध माथि रहेको छ । अब चुनौति र समस्याहरुको समाधान गर्नुको विकल्प छैन । अर्थपुर्ण खोज, विश्लेषण र रणनीतिक उपायहरुको अवलम्बन गर्न सकेमा यस

गाउँपालिकाको समृद्धि हाम्रै पालामा सम्भव रहेको छ । चुनौति र अवसरकाबीच नै समस्याहरुको पहिचान गरी समाधानका उपाय खोज्नु नै हाम्रो विशेष प्राथमिकता हो ।

अहिले नेपालमा लोकतान्त्रिक गणतन्त्र, बहुलबाद, सामाजिक न्यायसहितको समानुपातिक, समावेशी प्रतिनिधिमूलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता जस्ता हाम्रा महत्वपूर्ण उपलब्धिहरु संस्थागत हुँदै गइरहेका छन्। संविधानले अंगिकार गरेको तीन तहको शासकीय व्यवस्थाले सिहंदरवारको अधिकार गाउँ गाउँमा स्थापित भएको छ ।

२०७४ साल असार १४ गते सम्पन्न दोस्रो चरणको स्थानीय तहको निर्वाचनबाट यस बान्नीगढी जयगढ गाउँपालिकामा समेत स्थानीय सरकार स्थापित भएको अवस्था छ । यो सरकारले लगभग एक वर्षको कार्यकाल पुरा गरी सकेको छ। गत वर्ष आवश्यक नीति नियम एवम् कानूनहरूको र अत्यावश्यक कर्मचारीहरुको अभावका साथै अन्य स्रोत साधनको न्युनताका साथै थुप्रै जटिलताका बीच पनि यस गाउँपालिकाले आफ्ना गतिविधिहरु सफलतापूर्वक सञ्चालन गऱ्यो । यसलाई म यस बान्नीगढी जयगढ गाउँपालिकाको उपलब्धिको रुपमा लिएको छु ।

**सम्मानित गाउँसभाका सभाध्यक्ष महोदय,**

यस बजेट तथा कार्यक्रमहरुको तर्जुमाको क्रममा हामीले निश्चित प्रक्रियाहरू पुरा गरेका छौं । पहिले वडा समितिले बस्ती भित्रका महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग,

सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, अपाङ्ग भएका व्यक्ति, पिछडीएको वर्ग लगायत सबै वर्ग र समुदायहरूको अर्थपूर्ण सहभागितामा योजनाहरू छनौट गरेको थियो । वडा समितिले छनौट गरेका योजनाहरूलाई स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त बजेट सीमा र मार्ग दर्शनको आधारमा छनौट र प्राथमिकता निर्धारण गरी बडासभाबाट अनुमोदन गराएर गाउँपालिकालाई उपलब्ध गराएको थियो । यसैको आधारमा नै योजनाहरू छनौट हुनुका साथै बजेटको बाँडफाँड भएका छन् । साथै, वार्षिक बजेट तर्जुमाका लागि योजना तथा कार्यक्रम छनौटमा सामाजिक न्याय, समावेशिता तथा समानुपातिकताको सिद्धान्त अवलम्बन गरिएको छ ।

बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरू, स्थानीय तहको बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४, संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना, स्थानीय तहको मध्यकालीन खर्च संरचना, स्रोत साधन, विकासका अन्तरसबन्धित विषयहरू र नेपाल सरकारले अन्तरराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरू र संघ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक नीतिहरू आदिलाई आधारको रुपमा लिएको छ ।

बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मैले आर्थिक विकास र गरिवी न्युनीकरणमा प्रत्यक्ष योगदान पुर्‍याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्येक्ष लाभ पुग्ने, लैंङ्गिक समानता, सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दीगो विकास, वातावरण संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुर्‍याउने र भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने विषयहरूलाई प्राथमिकता दिएको व्यहोरा यस सम्मानित गाउँसभालाई अवगत गराउन चाहान्छु ।

**सम्मानित गाउँसभाका सभाध्यक्ष महोदय,**

समग्रमा यस बजेट तथा कार्यक्रम **"समृद्धिको आधारः बान्नीगढी सरकार"** भन्ने सोचका साथ तर्जुमा गरिएको छ भने यसले यस गाउँपालिकाको सामाजिक, आर्थिक सुचकाङ्क उच्चतम तुल्याउँदै यस गाउँपालिकालाई नगरपालिकामा स्तरोन्नती गर्ने लक्ष्य लिएको छ । यस बजेटको उदेश्यहरू निम्न बमोजिम रहेको व्यहोरा म यस सभालाई अवगत गराउन चाहन्छु ।

क. आर्थिक क्रियाकलापको विकास र विस्तार गर्ने, आय र रोजगारी वृद्धि गर्ने तथा गरिवी घटाउने ।

ख. अवसरको सिर्जना, सक्षमता अभिवृद्धि, सामाजिक संरक्षण गर्ने ।

ग. सवै गाउँपालिकावासीलाई गुणस्तरीय सार्वजनिक सेवा उपलब्ध गराउने।

घ. उत्पादकत्व र उत्पादन वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्ने।

ङ. स्थानीय सरकारको अवधारणालाई मुर्त रुप दिई संघीयताको मर्मलाई आम गाउँपालिकावासीमा प्रत्याभुति गराउने ।

नेपालमा योजनावद्ध विकासको शुरूवात भएको छ दशकभन्दा बढी भइसकेको छ। विगतमा योजनावद्ध विकासको फलस्वरुप विकासका विविध आयामहरूमा सकारात्मक परिवर्तनहरू आएका छन् । नेपालमा बहुदलीय प्रजातन्त्रको स्थापना पश्चात् गाउँमा आउने अनुदान रकम बृद्धि भएसंगै भौतिक पूर्वाधार विकास, सामाजिक विकास, मानव विकास र दिगो विकाससंग सम्बन्धित कार्यक्रमहरू स्थानीय निकायमा सञ्चालन गरिएका छन् । आर्थिक वर्ष २०७४/७५ मा यस गाउँपालिकाले आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकासको क्षेत्रमा धेरै कार्यहरूको थालनी गरेका थियौं। यी मध्ये धेरैजसो ठूला साना भौतिक पूर्वाधार विकासका कामहरू, प्रवर्द्धनात्मक कार्यक्रमहरू, तालिम तथा क्षमता

विकासका कामहरू सम्पन्न भएका छन् भने केही कार्यहरू सम्पन्न हुन लागि रहेका छन् ।

**सम्मानित गाउँसभाका सभाध्यक्ष महोदय,**

अब म यहाँहरू समक्ष आर्थिक वर्ष २०७५/०७६ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आर्थिक वर्ष २०७५/७६ को लागि हामीले विभिन्न स्रोतहरूबाट जम्मा रू. ३९ करोड २५ लाख १४ हजार ५ सय प्राप्त गरेका छौं । यस मध्ये संघीय सरकारबाट १० करोड ९९ लाख, प्रदेश सरकारबाट रु. १४ करोड ३० लाख र बहुक्षेत्रिय पोषण कार्यक्रममा रु. १२ लाख ३७ हजार गरी जम्मा रु. २५ करोड ४१ लाख ३७ हजार सशर्त अनुदानको रूपमा प्राप्त गरेका छौं । त्यस्तै वित्तिय समानीकरण अनुदान अन्तर्गत संघीय सरकारबाट रु. ६ करोड ७६ लाख, प्रदेश सरकारबाट रू. ६७ लाख ४ हजार राजश्व बाँडफाड अन्तर्गत संघीय सरकारबाट प्राप्त हुने अनुमानित रू. ४ करोड ९८ लाख १७ हजार, प्रदेश सरकारबाट प्राप्त हुने १८ लाख ७० हजार र आन्तरिक स्रोतबाट प्राप्त हुने अनुमानित आम्दानी रु. १ करोड २३ लाख ८६ हजार ५ सय गरी जम्मा रू. १४ करोड ३३ लाख ७७ हजार ५ सयलाई मैले गाउँपालिकास्तरिय कार्यक्रमहरू, सबैवडाहरू र विषयगत क्षेत्रहरूमा समानुपातिक र समावेशीताको सिद्धान्त अनुसार बाँडफाँड गरेको छु ।

कुल विनियोजित मध्ये चालुतर्फ रु. ५ करोड ८६ लाख ४२ हजार ५ सय अर्थात् ४१ प्रतिशत र पुँजीगततर्फ रु. ८ करोड ४७ लाख ३५ हजार अर्थात् ५९ प्रतिशत रहेको छ ।

कुल विनियोजित रकम मध्ये रू. २ करोड ७९ लाख अर्थात १९.४५ प्रतिशत रकम वडा नं. १ देखि ६ सम्मलाई वडाहरूका आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास, सेवा प्रवाह र सुशासनका क्षेत्रहरूमा लगानी गर्नका लागि विनियोजन गरेको छु।

त्यसैगरी विभिन्न विषयगत क्षेत्रहरू स्वास्थ्य, शिक्षा, पशु, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाई र बन तथा बातावरण तथा भू–संरक्षेणको क्षेत्रमा लगानी गर्न जम्मा रू. १ करोड ७४ लाख विनियोजन गरेको छु । यो रकम विषयगत शाखाहरूले सबै वडाहरूमा समानुपातिक, समावेशीताको सिद्धान्तको आधारमा लगानी गर्नको लागि व्यवस्था मिलाएको छु ।

**सम्मानीत गाउँसभाका सभाध्यक्ष महोदय,**

अब म यस गाउँपालिकामा विनियोजित शसर्त बाहेकको रकमलाइ क्षेत्रगत कार्यक्रमका रुपमा विनियोजन गरी ती क्षेत्र अन्तर्गतका गाउँ गौरवका योजनाका बारेमा प्रस्तूतिकरणको अनुमति चाहन्छु ।

**आर्थिक विकास**

आर्थिक विकासका लागि मैले कुल बजेटको १ करोड ४८ लाख ४५ हजार अर्थात् १०.३५ प्रतिशत विनियोजन गरेको छु । आर्थिक विकास अन्तर्गत मैले कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्रमा आवश्य बजेटको व्यवस्था गरेको छु । यस अन्तर्गत मैले अध्यक्ष युवा रोजगार कार्यक्रम सञ्चालनको लागि रू. ४० लाख र छातासेनमा आलु बीउ भण्डारनका लागि रू. २० लाख विनीयोजन गरेको छु ।

**सामाजिक विकास**

सामाजिक विकासतर्फ रु. ३ करोड १५ लाख ५५ हजार अर्थात कुल बजेटको २२ प्रतिशत रकम विनियोजन गरेको छु । यस अन्तर्गत मैले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रबर्द्धन, खेलकूद तथा मनोरञ्जन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा रकम विनियोजन गरेको छु। शिक्षा अन्तर्गत विन्देबासिनी माध्यामिक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न रु. १० लाख विनियोजन गरेको छु भने टकिङ टिचर कार्यक्रमको लागि रु. ६ लाख ५० हजार विनियोजन गरेको छु ।

आमा समुहको पोशाकको लागि रू. १५ लाख विनियोजन गरेको छु। गाउँपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा आवश्यक पर्ने निःशुल्क औषधि, अत्यावश्यक औषधि, औजार उपकरण आपूर्तिका लागि रू. २३ लाख विनियोजन गरेको छु ।

महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई आवश्यक बजेटको व्यवस्था गरेको छु ।

बान्नीगढी गाउँपालिकाको संस्कृति प्रबर्द्धन गर्न यस गाउँपालिकामा अवस्थित हाम्रा साँस्कृतिक तथा धार्मिक धरोहरहरूको संरक्षण तथा संबर्द्धनका लागि रकम विनियोजन गरेको छु । जसमध्ये बान्नीगढी जयगढ गाउँपालिकामा अवस्थित बर्दादेवी मन्दिरसम्म पुग्ने बाटो निर्माणको लागि रु. ४० लाख विनियोजन गरेको छु । कैलाश मष्टादेवताको बाटो तथा मन्दिर निर्माणका लागि रू. ७ लाख विनियोजन गरेको छु । त्यस्तै महिला तथा बालबालिका, खेलकूद विकास र दलित सशक्तीकरणका लागि रू. २१ लाख विनियोजन गरेको छु । गम्भिर रोग लागेका यस गाउँपालिकाका विपन्न नागरिकहरुको उपचार सहायताका लागि रु. ५ लाखको व्यवस्था गरेको छु ।

**पूर्वाधार विकास**

गाउँपालिकामा पूर्वाधार विकासतर्फ रु. ३ करोड ६६ लाख ३५ हजार अर्थात् २५.५ प्रतिशत रकम विनियोजन गरेको छु । यस अन्तर्गत स्थानीय सडक, सिंचाई, भवन, सञ्चार, खानेपानी पूर्वाधार जस्ता क्षेत्रहरूमा रकम विनियोजन गरेको छु।

सुधारिएको खानेपानीमा सम्पूर्ण गाउँपालिकाबासीहरुको पहुँच सुनिश्चितता तथा पहुँच बढाउनका लागि रु. २३ लाख

विनियोजन गरेको छु । सिंचाईको लागि रु. ४९ लाख विनियोजन गरेको छु । यस अन्तर्गत मुगाधारा सिंचाई पोखरीका लागि रू. १५ लाख विनियोजन गरेको छु।

गाउँपालिको सडक सञ्जाललाई विस्तार एवम् स्तरउन्नतीको लागि मैले रु. १ करोड २५ लाख विनियोजन गरेको छु । छातासेन-सुतार-स्याउले रामारोशन सडकका लागि रु. ६१ लाख विनियोज गरेको छु। जयगढ बजार विस्तार गर्न रु. ४० लाख र उद्गडा वड्डेखेत सडक निर्माणका लागि रु. १५ लाख विनियोजन गरेको छु ।

शिक्षाको पूर्वाधार विकासका लागि रु. ५२ लाख विनियोजन गरेको छु। यस अन्तर्गत सान्नीकोट आधारभूत विद्यालयको भवन निर्माण गर्न रू. १५ लाख र सरस्वती माध्यामिक विद्यालय जयगढको घेरा पर्खालको लागि रु. १० लाख विनियोजन गरेको छु । त्यस्तै रामारोशन प्राथमिक विद्यालय पाटेखेतको लागि रु. ७ लाख, अलकनन्दा माध्यमिक विद्यालयको लागि रु. १५ लाख विनियोजन गरेको छु । स्थानीय सामुदायिक विद्युतीय (एफ. एम.) सञ्चारको पूर्वाधार विकासको लागि रु. १५ लाख विनियोजन गरेको छु ।

**वातावरण तथा विपद् व्यवस्थापन**

वातावरण तथा विपद व्यवस्थापन शीर्षकमा रु १३ लाख विनियोजन गरेको छु। यस अन्तर्गत वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन,

फोहरमैला तथा ढल व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण जस्ता क्षेत्रहरूमा आवश्यक बजेटको व्यवस्था गरेको छु । विपद् व्यवस्थापन प्रणालीलाई मजबूत तूल्याउन गाउँपालिकास्तरमा रु. १० लाखको विपद् व्यवस्थापन कोष स्थापना गरेको छु । फोहोरमैला व्यवस्थापनका लागि तथा बन तथा भुसंरक्षण सम्बन्धी क्रियाकलाप संचालन गर्न आवश्यक रकम बिनियोजन गरेको छु ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

संस्थागत विकास, सेवा प्रवाह र सुशासनका लागि रु. ५ करोड ८६ लाख ४२ हजार ५ सय अर्थात् ४१ प्रतिशत रकम विनियोजन गरेको छु । यस अन्तर्गत सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय अभिलेख संकलन र व्यवस्थापन, सुशासन प्रर्वद्धन, अनुसन्धान तथा विकास तथा अन्यत्र उल्लेख वर्गीकृत नभएको क्षेत्रका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु । गाउँपालिकाको गुरु योजना निर्माणका लागि रु. १० लाख विनियोजन गरेको छु । यसैगरी गाउँपालिका अन्तर्गतका सरकारी कार्यालयहरूमा यसै आर्थिक वर्षभित्र विद्युतीय हाजिरी प्रणाली (बायोमेट्रिक एटेन्डेन्स सिस्टम) जडान गर्न रू. ५ लाख विनियोजन गरेको छु । जयगढ बजारमा वाईफाई हटस्पट निर्माणका लागि आवश्यक रकमको व्यवस्था गरेको छु । मानव संसाधान विकासका रु. ५ लाख विनियोज गरेको छु । सुशासनका आधारस्तम्भका रुपमा रहेका

जनसहभागिता, पारदर्शिता, पूर्वानूमानयोग्यता र जवाफदेहिता प्रवर्दन गर्ने कार्यका लागि बजेट विनियोजन गरेको छु ।

**सम्मानित गाउँसभाका सभाध्यक्ष महोदय,**

यस गाउँपालिकालाई प्राप्त सिमित स्रोतहरूबाट बस्तीस्तर हुँदै वडाहरूबाट गाउँपालिकामा आएका आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, संस्थागत विकास, सेवा प्रवाह र सुशासन र वातावरण तथा विपत व्यवस्थापनसंग सम्बन्धित आयोजनाहरूलाई संबोधन गर्न नसकिएको सन्दर्भमा यी आयोजनाहरूलाई क्रमशः अर्को वर्षमा समावेश गरिनुका साथै गौरवशाली योजनाहरूका लागि प्रदेश सरकार र संघीय सरकार समक्ष माग गरिने छ ।

प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ का लागि विनियोजन गरेको सशर्त वित्तिय समानीकरण अन्तर्गत यस गाउँपालिकास्तरिय गौरवशाली आयोजनाहरूको लागि रु. १४ करोड ३० लाख विनियोजन गरेको छु। प्रदेश सरकारले यस गाउँपालिकाका लागि विभिन्न १९ परियोजनाहरूमा रकम विनियोजन गरेको छ। यस मध्ये जयगढ माझेठाना रामारोशन सडकलाई पर्यटकीय सडकलाई डवल ट्राक कालोपत्रे पर्यटकीय सडकको रुपमा विस्तार गर्न रु. ३ करोड, दर्ना वृहद खानेपानीको लागि रु. २ करोड, दर्ना सडक आयोजनाको लागि रु. २ करोड, दर्ना वृहद सिंचाई आयोजनको लागि रु. २ करोड र ऐश्वर्य माध्यामिक विद्‍यालयको भौतिक पूर्वाधार निर्माणका

लागि रु.१ करोड ५० लाख विनियोजन गरेको छ । यसका लागि बान्नीगढी जयगढ गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट प्रदेश सरकारप्रति आभार व्यक्त गर्न चाहन्छु ।

**सम्मानिय गाउँसभाका सभाध्यक्ष महोदय,**

नेपालको संविधानले व्यवस्था गरेको स्थानीय तह कार्यान्वयनमा आए संगै यो गाउँपालिका भोक, रोग, गरिवी, पछटेपन र आर्थिक समाजिक विभेद विरुद्धको संघर्ष र समृद्धि प्राप्तिको चरणमा प्रवेश गरेको छ । यो प्रयास प्राप्तिका लागि सम्पुर्ण गाउँपालिकावासीहरु एउटै मञ्चमा आबद्ध हुनुपर्ने अवस्था आएको छ। लोकतान्त्रिक मुल्यमान्यतामा आधारित समाजबाद उन्मुख अर्थतन्त्र स्थापना गर्न अव सामाजिक आर्थिक क्षेत्रमा फड्को मार्ने पर्ने अवस्था आएको छ ।

यो बजेट कार्यान्वयनले गाउँपालिका न्याय पूर्ण सामाजिक विकास संगै समृद्धिको नयाँ ढोका खोल्नेछ । यस बजेटले स्थानीय स्तरमा आत्मानिर्भर अर्थतन्त्रको विकास गर्दै सामाजिक विकासलाई पनि दरिलो तुल्याई समृद्ध गाउँपालिका निर्माणका लागि आधार तय गर्ने विषयमा गाउँपालिका आशावादी छ ।

स्थानीय तह बन्दै गर्दा गाउपालिकाबासीका आकांक्षा पनि उर्लदा छन्। सिमित स्रोतका बीचबाट नागरिकका असिमित आवश्यकता पुरा गर्ने विषय निश्चय नै चुनौतीपुर्ण विषय हो । तथापि गाउँपालिकाबासी आम जनसमुदाय, राजनैतिक दलको रचनात्मक

सहयोग र सद्भाव भएमा पनि चुनौतिका वीचमा अवसरका अनेकन संभावना छन् भन्ने कुरामा गाउँपालिका विश्वस्त छ ।

अन्त्यमा, यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नु हुने गाउँपालिकाका अध्यक्ष, वडा अध्यक्षज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू, स्थानीयस्तरमा क्रियाशील राजनीतिक दलहरू, समाजसेवी बुद्धजिवीहरू, गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रमुख प्रशासकीय अधिकृत एवम् सम्पूर्ण कर्मचारीहरुप्रति विशेष धन्यवाद दिन चाहन्छु । **"समृदिको आधारः बान्नीगढी सरकार"** भन्ने यस गाउँपालिकाको नारालाई सार्थक बनाउन सवै गाउँपालिकाबासीको रचनात्मक सहयोगको आशा गर्दछु।

माता बान्नीगढीले हामी सवैको रक्षा गरुन ।

धन्यवाद ।

**मितिः २०७५/०३/१०**

लोक बहादूर साउँद<br>
गाउँपालिका उपाध्यक्ष<br>
बान्नीगढी जयगढ<br>
गाउँपालिका